आज मिति २०७७।१२।२८ गतेका दिन यस चौदण्डीगढी नपा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख [signature]
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख [signature]
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं.१ [signature]
४. श्री सन्तोष सुवेदी - " " २ [signature]
५. श्री परशुराम राई - " " ३ [signature]
६. श्री चरण कुमार राई - " " ४ [signature]
७. श्री देव नारायण चौधरी - " " ५ [signature]
८. श्री कमलध्वज राई - " " ६ [signature]
९. श्री तेजराज तिम्सिना - " " ७ [signature]
१०. श्री श्याम कुमार मगर - " " ८ [signature]
११. श्री प्रकाश राउत - " " ९ [signature]
१२. श्री राम कुमार खड्का - " " १० [signature]
१३. श्री देवि कार्की - नगरकार्यपालिका सदस्य
१४. श्री जानुका कमर - " " [signature]
१५. श्री मदन कुमारी कट्वाल - " " [signature]
१६. श्री विमला राई - " " [signature]
१७. श्री आस्मिता नेपाली - " "
१८. श्री प्रमीला दनुवार - " " [signature]
१९. श्री सुन्दरप्रकाश साह - " " [signature]
२०. श्री सत्यनारायण दुजदार - नि०प्रमुख [signature]
२१. श्री अम्बर बहादुर मगर - लेखापाल [signature]
२२. श्री नेत्र बहादुर वि०क० - क०अ० [signature]

प्रस्तावहरु

१. राहत वितरणको खर्च अनुमोदन सम्बन्धमा ।
२. ~~छुट~~ संकलित लगत संघिय सरकार र प्रदेश सरकार समक्ष पठाउने बारे।
३. छुट घरपरिवारको ~~विवरण संकलन~~ सम्बन्धमा ।
४. स्वास्थ्यकर्मीहरुलाई जोखिम भत्ता सम्बन्धमा ।
५. स्थानीय तह प्रकोप व्यवस्थापन कोष स्थापना सम्बन्धमा।
६. औषधी खरिद सम्बन्धमा ।

[signature]

Scanned by CamScanner

७. मेला सम्बन्धमा ।
८. जनप्रतिनिधिहरुको सुविधा राहत कोषमा जम्मा गर्ने सम्बन्धमा ।
९. सुरक्षाकर्मीको सम्बन्धमा ।
१०. डोरजैदिरा / निश्वासक औषधी खरिद सम्बन्धमा ।

<u>छलफल तथा निर्णयहरु</u>

<u>नि.नं.१</u> प्रस्ताव नं.१ माथि छलफल गर्दा हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथामको लागि नेपाल सरकार द्वारा घोषित लकडाउन बाट प्रभावित हुन सक्ने अति विपन्न, दैनिक ज्यालादारी तथा असहाय नागरिकहरुको लागि यस गा.पा.ले वितरण गरेको राहत सामाग्री खरिद, आपूर्ति तथा व्यवस्थापन समितिको मिति २०७६।१२।२७ गतेको निर्णय बाट अनुमोदनको लागि सिफारिस भई आएको राहत सामाग्री खरिद तथा ढुवानीको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

<u>नि.नं.२</u> प्रस्ताव नं. २ माथि छलफल गर्दा लकडाउनको कारण बाट प्रत्यक्ष प्रभाव पर्ने दैनिक ज्याला मजदुरी, असहाय र अति विपन्न घरपरिवार लाई छोट्याएर तथा वडा कार्यालयहरुको सिफारिसको आधारमा ३३२२ घरधुरीको १६७०५ जनाको लागि १५ दिन बराबरको खाद्यान्न राहत वितरण गरिएको र हाल विभिन्न वडा बाट छुट भएका घरपरिवार लाई समेत राहत उपलब्ध गराउने सम्बन्धमा २६१२ घरधुरीको ११६०१ जनसंख्याको लागि राहतको लागि सिफारिस भई आएको हुँदा उक्त गा.पा. बाट वितरण भएको र थप आएको समेत एकमुष्ठ विवरण संघीय सरकार र प्रदेश सरकार समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>नि.नं.३</u> प्रस्ताव नं. ३ माथि छलफल गर्दा राहत वितरणको समयमा विविध कारण बाट छुट हुन गएका वास्तविक विपन्न भएमा सम्बन्धित वडा अध्यक्षको सिफारिसमा गा.पा.को राहत व्यवस्थापन समिति बाट अनुगमन गरि खाद्यान्न अत्यावश्यक परेको विपन्न परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरियो ।

<u>नि.नं.४</u> प्रस्ताव नं. ४ माथि छलफल गर्दा हालको विषम परिस्थितिमा दैनिक स्वास्थ्य सेवामा खटिएका स्वास्थ्य कर्मीहरुको लागि जोखिम भत्ता उपलब्ध गराउने सम्बन्धमा

Scanned by CamScanner

स्वास्थ्यकर्मीहरुको जिम्मेवारीको आधारमा १००%, ७५%, ५०% र २५% जोखिम भत्ता लकडाउन अवधिको लागि तोकेको हुँदा उक्त अनुसार यस न.पा. क्षेत्रमा रहेका स्वास्थ्य कर्मीहरुलाई न.पा. ले जिम्मेवारी तोकी खटाइए अनुसार नेपाल सरकार बाट जोखिम भत्ता उपलब्ध नभएमा उक्त जोखिम भत्ता सम्बन्धी नेपाल सरकार द्वारा स्वीकृत कार्यविधि बमोजिम यस न.पा. बाट उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा महालेखा ~~परीक्षक~~ नियन्त्रकको कार्यालय अनामनगर काठमाण्डौको च.नं. ६०१ मिति २०७६।१२। २८ गतेको परिपत्र बमोजिम न.पा. मा ~~...~~ स्थानीय तहमा प्रकोप व्यवस्थापन कोष खाता खोली संचालन गर्ने र हालको कोरोना भाइरस बाट फैलिएको महामारीको ~~...~~ लकडाउन अवधि -भर उत्पन्न हुन सक्ने समस्यालाई मध्येनजर गरि मिति - २०७६।०१।०४ गते सम्म लाई नगरपालिकाले नै खाद्यान्न राहत सामाग्रीको साथै अन्य स्वास्थ्य सामाग्री समेतको व्यवस्थापन मिलाई सकेको हुँदा नेपाल सरकारले तोकेको लकडाउनको मिति ०७७।०१।१५ गते भन्दा उता लम्बीने गएर विभिन्न सहयोगी संघ संस्था, व्यक्तिहरुको लागि पुन: अर्को बैंक बाटै - विभिन्न किसिमका राहतको लागि लकडाउनलाई प्रभावित नहुने किसिमले राहत उपलब्ध गराउन यस न.पा. को कोष संचालन खाता उपलब्ध गराउने निर्णय गरियो ।

नोट:- कुनै पनि किसिमको राहत वडा अध्यक्षको सिफारिसमा न.पा. मा अभिलेख गरि समितिको निर्णय बमोजिम राहत वितरण गर्ने गरिनेछ ।

**नि.नं.६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा. क्षेत्रमा रहेका - स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी खरिद कार्य तत्काल अगाडी बढाउने निर्णय गरियो ।

**नि.नं.७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा. क्षेत्रभित्र लाग्ने धार्मिक, पर्यटकीय, व्यापारिक, मनोरन्जनात्मक कुनै पनि प्रकारका मेलाहरुले लकडाउन लाई प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा - त्यस्ता कुनै पनि मेला तथा ~~...~~ महोत्सवहरु संचालन नगर्ने नगराउने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा हालको विषम परिस्थितिलाई मध्येनजर गर्दै अतिविपन्न नागरिकहरूलाई राहत वितरण गर्ने तथा व्यवस्थापनको लागि राज्यकोषको खर्चमा सहयोग - पुऱ्याउने उद्देश्यले यस चौदण्डीगढी न.पा.को नगर कार्यपालिको सदस्यहरूको १ महिनाको सुविधा र वडा सदस्यहरूको १५ दिन बराबरको सुविधा यस न.पा.को प्रकोप व्यवस्थापन कोषमा - जम्मा गर्ने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा हालको लकडाउनको समयमा अहोरात्र ड्युटीमा खटिएका यस नगर क्षेत्रका नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका सबै सुरक्षा कर्मीहरूलाई स्वास्थ्य सम्बन्धि सुरक्षाका सामाग्रीहरू सहित प्रतिदिन १ समयको लागी प्रति-व्यक्ती रु.६०।-का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा विभिन्न खाद्यान्न बालीहरूमा लाग्ने फौजिकीरा लगाएतका संक्रमनहरू नियन्त्रणको लागि आवश्यक किटनासक औषधीहरू तत्काल खरिद गरि कृषि शाखा मार्फत वितरण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner